**आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४**
**आरुघाट गाउँपालिका**
**गोरखा**

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा गण्डकी प्रदेश, नेपाल

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधान, २०७२ को अनुसूची ८ को दफा ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा रहेको आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा ब्यबस्थापन सम्बन्धी कार्य गर्न आरुघाट गाउँपालिकाबाट **आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४** जारी गरिएको छ। यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ।

**परिच्छेद : एक**
**प्रारम्भिक**

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ रहेको छ।

**२) परिभाषा :**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"ऐन"** भन्नाले आरुघाट गाउँपालिकाबाट जारि भएको शिक्षा ऐन २०७४ लाई सम्झनु पर्छ।

(ख) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार सम्झनु पर्छ।

(ग) **"विभाग"** भन्नाले शिक्षा बिकास तथा मानव श्रोत केन्द्र सम्झनु पर्छ।

(घ) **"गाउँपालिका"** भन्नाले आरुघाट गाउँपालिकालाई सम्झनु पर्छ।

(ङ) **"शिक्षा अधिकृत"**भन्नाले गाउँपालिकाका शिक्षा शाखा प्रमुखको रुपमा कार्यरत पदाधिकारी सम्झनुपर्छ।

(च) **"आधारभूत शिक्षा परीक्षा"** भन्नाले आधारभूत तहको अन्तमा लिइने परीक्षालाई सम्झनु पर्छ।

(छ) **"परीक्षा समिति"** भन्नाले यस कार्यविधिको दफा ६ अनुसार गठित आधारभूत शिक्षा परीक्षा समिति सम्झनुपर्छ।

(ज) **"परीक्षण केन्द्र"** भन्नाले आधारभूत शिक्षा परीक्षाको उत्तर पुस्तिका परीक्षणका लागिआरुघाट गाउँकार्यपालिका शिक्षा शाखाबाट तोकिएको केन्द्र सम्झनु पर्छ।

(झ) **"परीक्षा केन्द्र"** भन्नाले आधारभूत शिक्षा परीक्षा सञ्चालनका निम्ति तोकिएका परीक्षा केन्द्रहरु सम्झनु पर्छ।

(ञ) **"केन्द्राध्यक्ष"** भन्नाले आधारभूत शिक्षा परीक्षा सञ्चालनका निम्ति तोकिएको परीक्षा केन्द्र प्रमुख सम्झनु पर्छ।

(ट) **"शिक्षा शाखा"** भन्नाले आरुघाट गाउँकार्यपालिका अन्तर्गतको शिक्षा सम्बन्धी कार्य गर्ने शाखा सम्झनु पर्छ।

(ठ) **"विद्यालय"** भन्नाले विद्यमान ऐन, नियम बमोजिम स्थापना भई सञ्चालनमा रहेका अनुमति प्राप्त वा स्वीकृति प्राप्त सामुदायिक वा संस्थागत विद्यालयहरु सम्झनु पर्छ।

**परिच्छेद : दुई**
**परीक्षाको आवेदन, रजिष्ट्रेशन र प्रवेश पत्र सम्बन्धी व्यवस्था**

**३) रजिष्ट्रेशन आवेदन फाराम भर्नुपर्ने :**

(१) प्रत्येक विद्यालयले आफ्नो विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको आधारभूत शिक्षा परीक्षामा सहभागिताका लागि अनुसूची -१ अनुसारको रजिष्ट्रेशन आवेदन फाराम भराई गाउँ शिक्षा शाखामा पेश गर्नु पर्नेछ।

(२) रजिष्ट्रेशन आवेदन फाराम भर्नका लागि देहायको शर्त पूरा गरेको हुनु पर्ने छ :

(क) विद्यमान व्यवस्था अनुसार औपचारिक विद्यालय शिक्षा वा खुला शिक्षा वा अनौपचारिक शिक्षा पद्धतिबाट आवेदकले कक्षा ७ को अध्ययन पूरा गरी कक्षा आठमा अध्ययनरत रहेको हुनुपर्ने छ।

(ख) परीक्षाको आवेदनसाथ कक्षा ७ को मार्कसीट वा ग्रेड सीट र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी तथा तोकिएको परीक्षा शुल्क बुझाएको नगदी रसिद वा बैंक भौचर वा अन्य कुनै निस्सा अनिवार्य रुपमा पेश गरेको हुनुपर्नेछ।

(ग) परीक्षा रजिष्ट्रेशन आवेदन फाराम शिक्षा शाखाले सूचना जारी गरेको १ महिना भित्र भराई पेश गरिसक्नुपर्नेछ।

(घ) आवेदन दिने विद्यार्थीको उमेर जुन सालमा आधारभूत शिक्षा परीक्षामा सामेल हुने हो सो बर्षको चैत्र मसान्तसम्ममा बाह्र बर्ष पूरा भएको हुनु पर्नेछ।

(३)विद्यमान कानुन बमोजिम स्थापना भई सञ्चालन भइरहेका सामुदायिक विद्यालय, संस्थागत विद्यालय, परम्परागत धार्मिक विद्यालय, अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, बैकल्पिक विद्यालय, विशेष विद्यालयले आवेदन फाराम भराउनु पर्नेछ।

**४) रजिष्ट्रेशन नम्बर कायम गर्ने :**

(१) गाउँकार्यपालिकाको शिक्षा शाखामा पेश हुन आएका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको परीक्षा आवेदन फाराम जाँचबुझ गाउँकार्यपालिका शिक्षा शाखाले गरी विद्यार्थीको रजिष्ट्रेशन नम्बर कायम गर्ने छ।

(२) गाउँकार्यपालिकाको शिक्षा शाखाले रजिष्ट्रेशन नम्बर कायम गरेको जानकारी प्रत्येक विद्यालयलाई दिनुपर्नेछ।

(३) गाउँकार्यपालिकको शिक्षा शाखाले रजिष्ट्रेशन नम्बर कायम भएका विद्यार्थीहरुको परीक्षाको रोल नम्बर सहितको प्रवेश पत्र उपलब्ध गराउनु पर्नेछ।

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
४ नं. प्रदेश नेपाल

## परिच्छेद : तीन
## परीक्षा समिति सम्बन्धी व्यवस्था

**५) परीक्षा समितिको गठन :**

(१) परीक्षा समितिको गठन देहाय बमोजिम हुने छ :

(क) शिक्षा अधिकृत **-संयोजक**

(ख) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिकाको अध्यक्षबाट मनोनित ३ जना **-सदस्य**

(ग) आधारभूत तह तथा माध्यमिक तहका प्र.अ.तथा शिक्षकहरु मध्येबाट परीक्षा समन्वय समितिले मनोनित गरेको कम्तिमा एक जना महिला सहित ४ जना शिक्षक **-सदस्य**

(ङ) स्रोतब्यक्ति एक जना **-सदस्य सचिव**

२) परीक्षा समितिमा मनोनित सदस्यहरुको पदावधि **दुई** बर्षको हुनेछ । तर कुनै सदस्यबाट ग्रैह जिम्मेवारीपूर्ण कार्य गरेको फेला पारेमा कुनै पनि समयमा समितिको दुईतिहाई निर्णयबाट हटाइ बाँकी अवधीको लागि कार्य गर्ने गरी अर्को व्यक्ति मनोनयन गर्न सकिने छ ।

(३) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६) परीक्षा समितिको काम, कर्तव्य र अधिकार**

(१) परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) परीक्षा केन्द्र निर्धारण गर्ने,

(ख) स्वच्छ, मर्यादित, भयरहीत वातावरणमा व्यवस्थित ढंगले परीक्षा सञ्चालन गर्ने,

(ग) आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,

(घ) उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण सम्बन्धी कार्य गर्ने, गराउने,

(ङ) परीक्षाफल प्रकाशन गर्ने, परीक्षार्थीहरुलाई प्रगति विवरण वा प्रमाणपत्र वा ग्रेडसीट उपलब्ध गराउने,

(च) परीक्षा सञ्चालनको लागि केन्द्राध्यक्ष नियुक्त गर्ने,

(छ) आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा अन्य कार्य गर्ने ।

(२) परीक्षा समितिले आधारभूत तहको अन्तमा लिइने कक्षा ८ को आधारभूत शिक्षा परीक्षा सञ्चालन गर्नुको अतिरिक्त विद्यालयस्तरमा लिइने आधारभूत तहका अन्य कक्षाहरुका आवधिक परीक्षा, स्तरमापन परीक्षा र निरन्तर मूल्यांकन पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई विद्यालयहरुलाई निर्देशन दिन सक्ने छ । माथि उल्लेखित विषयहरुको निर्णय गर्नुपूर्व परीक्षा समन्वयन समितिको संयोजकसंग परामर्श गर्नु पर्नेछ ।

## परिच्छेद : चार
## प्रश्नपत्र निर्माण तथा परिमार्जन

**७) प्रश्नपत्र निर्माण गर्ने :**

(१) आधारभूत शिक्षा परीक्षाको लागि प्रश्नपत्र निर्माण गर्दा देहायका आधारहरुलाई ख्याल गर्नु पर्ने छ ।

(क) कक्षा ८ को विषयगत पाठ्यक्रमले निर्धारण गरेको सिकाइउपलब्धि र ग्रीडको आधारमा स्तरीय प्रश्न निर्माण गर्नुपर्ने,

(ख) पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएको कक्षा ८ को विषयगत विशिष्टीकरण तालिका अनुरुप प्रश्नपत्र निर्माण गर्नुपर्ने,

(ग) प्रश्नपत्र निर्माण सम्बन्धी कार्य गोप्य रुपमा गर्नुपर्ने ।

(२) गाउँपालिका क्षेत्रका विद्यालयका शिक्षकहरु मध्येबाट विषयगत शिक्षक छनोट गरी प्रश्नपत्र निर्माण गर्न लगाइने छ । यसरी प्रश्नपत्र निर्माण गर्दा गोप्यता कायम गरिने छ ।

(३) प्रत्येक विषयको कम्तिमा **दुई** सेट प्रश्न पत्र निर्माण गरिने छ ।

(४) विषयगत शिक्षकहरुबाट निर्मित प्रश्नपत्रहरु संकलन तथा सुरक्षा सम्बन्धी कार्य **शिक्षा शाखा**ले गर्ने छ ।

**८) प्रश्नपत्रको परिमार्जन गर्ने :**

(१) प्रश्नपत्र निर्माताले निर्माण गरेका सबै विषयका प्रश्नहरुका समानान्तर सेटबाट छनोट गरी प्रश्नपत्र परिमार्जन गरिने छ ।

(२) प्रश्नपत्र परिमार्जन गरिसकेपछि टाइप, सम्पादन र छपाइ कार्य परीक्षा समितिको निर्णय अनुसार **शिक्षा शाखा**ले गर्ने छ ।

**९) प्रश्नपत्र निर्माता र परिमार्जनकर्ताको छनोट र नियुक्ति गर्ने :**

(१) परीक्षा समितिले बनाएको मापदण्डका आधारमा प्रश्नपत्र निर्माता र प्रश्नपत्र परिमार्जनकर्ता छनोट गर्ने र उनीहरुलाई नियुक्ति दिने कार्य परीक्षा समितिको अध्यक्षको हुने छ ।

(२) प्रश्नपत्र निर्माता र परिमार्जनकर्तालाई नियुक्ति दिँदा कार्यसम्पन्न गर्ने समयावधि समेत स्पष्टसँग तोक्नुपर्ने छ ।

(३) प्रश्नपत्र निर्माता र परिमार्जनकर्ताले तोकिएको समयभित्र आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्नु पर्नेछ ।

(४) यस दफाको उपदफा (२) बमोजिमको समयावधिभित्र कार्य सम्पन्न नगर्ने,प्रश्नपत्रको गोपनियता पालना नगर्ने प्रश्नपत्र निर्माता वा प्रश्नपत्र परिमार्जनकर्तालाई नियुक्त गर्ने अधिकारीले कारबाही गर्न सक्नेछ । यस्तो अवस्थामा तत्काल प्रश्न निर्माण र परिमार्जनका लागि वैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
४ नं. प्रदेश नेपाल

## परिच्छेद : पाँच
## केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक र अन्य कर्मचारी सम्बन्धी व्यवस्था

**१०) केन्द्राध्यक्ष नियुक्त गर्ने :**

(१) परीक्षा समितिको निर्णय अनुसार केन्द्राध्यक्ष नियुक्त गरिने छ ।

(२) केन्द्राध्यक्ष नियुक्ति गर्दा परीक्षा समितिले बनाएको मापदण्डको आधारमा गरिने छ ।

(३) परीक्षा व्यवस्थापनमा प्रतिकुल असर पार्ने अमर्यादित कार्य गरेमा केन्द्राध्यक्षलाई परीक्षा समिति जिम्मेवारीवाट हटाई वैकल्पिक व्यवस्था गर्न सक्ने छ ।

**११) केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) परीक्षा केन्द्रमा भयरहीत वातावरण कायम गरी परीक्षा मर्यादित एवम् व्यवस्थित ढंगले सञ्चालन गर्ने,

(ख) परीक्षा सञ्चालनमा बाधा पुग्ने वा परीक्षाको वातावरण खल्बल्याउने खालका अमर्यादित कार्य गर्ने व्यक्तिलाई कारबाही गर्ने,

(ग) परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने सहायक केन्द्राध्यक्ष, निरीक्षक र अन्य कर्मचारी व्यवस्था गर्ने,

(घ) परीक्षा समितिको निर्देशन बमोजिम समयमा परीक्षा शुरु गर्ने, परीक्षा सञ्चालन गर्ने, उत्तरपुस्तिका संकलन गरी सुरक्षितसाथ परीक्षा समितिले तोकेको ठाउँमा बुझाउने ।

(ङ) परीक्षाको अनुगमन क्रममा अनुगमनकर्ताले दिएका सुझावहरु कार्यान्वयन गर्ने, गराउने ।

(च) परीक्षा समितिले तोकेका अन्य कार्य गर्ने ।

(२) केन्द्राध्यक्षलाई परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कुनै जटिलता आइपरेमा सोको जानकारी तत्काल परीक्षा समितिलाई गराउनु पर्ने छ । आइपरेको जटिलताका विषयमा परीक्षा समितिले आवश्यक निर्देशन दिनु पर्नेछ । निर्देशन प्राप्त भए पछि केन्द्राध्यक्षले सोही बमोजिम गर्नु पर्ने छ ।

## परिच्छेद : छ
## उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण

**१२) उत्तर पुस्तिका परीक्षण गराउने :**

(१) आधारभूत शिक्षा परीक्षाको उत्तर पुस्तिका संकलन भइसकेपछि परीक्षण केन्द्र तोकी उत्तर पुस्तिका परीक्षण गराइनु पर्ने छ ।

(२) उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण गर्नु अघि कोडिङ र परीक्षण एवम् सम्परीक्षण गरिसके पछि डिकोडिङ सम्बन्धी व्यवस्था परीक्षा समितिको निर्णय बमोजिम गरिने छ ।

(३) उत्तर पुस्तिका परीक्षकको नियुक्ति परीक्षा समितिले गर्ने छ ।

**१३) उत्तर पुस्तिका सम्परीक्षण गर्ने :**

(१) परीक्षण गरिएका उत्तर पुस्तिकाहरु सम्परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(२) सम्परीक्षण गर्दा कम्तिमा दश प्रतिशत उत्तर पुस्तिकाहरु पुरै परीक्षण गर्नु पर्ने छ । अन्य उत्तर पुस्तिकाहरुमा दिइएको अंक र तिनीहरुको योगफल परीक्षण गर्नु पर्ने छ ।

(३) उत्तर पुस्तिका समपरीक्षकको नियुक्ति परीक्षा समितिले गर्ने छ ।

## परिच्छेद : सात
## नतिजा तयारी, नतिजा प्रकाशन र प्रमाणपत्र वितरण

**१४) परीक्षाको नतिजा तयारी गर्ने :**

(१) परीक्षा समितिले आधारभूत शिक्षा परीक्षाको नतिजा तयारी गर्न लगाउने छ। नतिजा तयारीका निम्ति परीक्षा समितिको निर्णय अनुसार विद्यालयले आवश्यक सहयोग उपलब्ध गराउनु पर्ने छ।

(२) नतिजा तयारी सम्बन्धी अन्य व्यवस्था परीक्षा समितिको निर्णयानुसार हुने छ।

**१५) परीक्षाको नतिजा प्रकाशन गर्ने :**

(१) आधारभूत शिक्षा परीक्षाको नतिजा तयार पारिसकेपछि परीक्षा समन्वय समितिले नतिजा प्रकाशन गर्ने छ। यसरी नतिजा प्रकाशन गर्दा दफा (१४) को उपदफा (२) बमोजिम गर्नु पर्नेछ।

**१६) प्रमाणपत्र वा ग्रेड सिट वितरण गर्ने :**

(१) परीक्षामा सामेल भएका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाणपत्र वा ग्रेड सिट वा लब्धांकपत्र वितरण गर्नु पर्नेछ।

(२) परीक्षाको प्रमाणपत्र परीक्षा समितिको सचिवालयले विद्यालयलाई पठाउने छ। विद्यालयहरुले आफ्ना विद्यार्थीहरुको प्रमाणपत्र वा ग्रेड सिट वा लब्धांकपत्र वितरण गर्ने छन्।

**१७) प्रयोगात्मक परीक्षाको नतिजा उपलब्ध गराउनु पर्ने :**

(१) नतिजा तयारीका निम्ति विद्यालयले प्रयोगात्मक परीक्षाको नतिजा तयार पारी परीक्षा सकिएको मितिले ३ दिनभित्र गाउँपालिकाको गाउँकार्यपालिका शिक्षा शाखामा बुझाउनु पर्ने छ।

(२) कुनै विद्यालयले प्रयोगात्मक परीक्षाको नतिजा समयमै उपलब्ध नगराएमा त्यस्तो विद्यालयको नतिजा स्थगित गरी परीक्षा समितिले विद्यालयलाई आवश्यक कारबाही गर्न सक्ने छ।

(३) विद्यार्थीले प्राप्त गरेको प्रयोगात्मक परीक्षाको नतिजाका प्रमाणहरु परीक्षा समितिले छड्के जाँच गर्न सक्ने छ। प्रयोगात्मक कार्यको प्रमाण र विद्यार्थीको प्राप्तांक बीच तालमेल नमिलेको पाइएमा परीक्षा समितिको निर्णय अनुसार त्यस्तो मूल्यांकन गर्ने मूल्यांकनकर्तालाई आवश्यक कारबाही गर्न सक्ने छ।

(४) प्रयोगात्मक परीक्षा विद्यालय आफैले योजना गरी अनुकुलता अनुसार जुन सुकै समयमा सञ्चालन गर्न सक्ने छ।

## परिच्छेद : आठ
## आधारभूत तह शिक्षा परीक्षा समन्वय समिति सम्बन्धी व्यवस्था

**१८) आधारभूत तह शिक्षा परीक्षा समन्वय समिति गठन गर्ने :**

(१) देहाय बमोजिम **आधारभूत तह शिक्षा परीक्षा समन्वय समिति** रहने छ।

क) गाउँपालिकाको अध्यक्ष **-संयोजक**
ख) गाउँपालिकाको उपाध्यक्ष **-सदस्य**
ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत **-सदस्य**
घ) सामाजिक विकास समितिको संयोजक **-सदस्य**
ङ) शिक्षा शाखा प्रमुख **-सदस्य सचिव**

(२) आधारभूत तह शिक्षा परीक्षा समन्वय समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछन्। साथै आफ्नो गाउँपालिका भित्र सञ्चालन हुने सबै किसिमका परीक्षाको रेखदेख, नियन्त्रण र अनुगमन तथा नियमन गर्नसक्नेछ।

(३) यस दफाको उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, , शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइबाट परीक्षाको अनुगमन गर्न कुनै बाधा पर्ने छैन।

**१९) अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) परीक्षाको अनुगमनमा खटिएका सम्पूर्ण अनुगमनकर्ताले अनुगमन प्रतिवेदन गाउँकार्यपालिका शिक्षा शाखामा पेश गर्ने र आबश्यक परेमा परीक्षा समितिको सचिवालयमा पेश गर्न सक्ने छ।

(२) यस कार्यविधिको दफा १८ को उपदफा (३) अनुसार नेपाल सरकारका विभिन्न निकायहरुबाट गरिने अनुगमनको प्रतिवेदन तत् तत् निकायहरुले परीक्षा समितिलाई उपलब्ध गराउन सक्ने छन्।

**परिच्छेद : नौ**
**विविध**

**२०) परीक्षा शुल्क तिर्नुपर्ने :**

(१) परीक्षामा सामेल हुने संस्थागत विद्यालयले परीक्षा समितिले तोके बमोजिमको परीक्षा शुल्क तिर्नु पर्नेछ । तर सामुदायिक विद्यालयले भने परीक्षा शुल्क तिर्नुपर्ने छैन ।
(२) उपदफा (१) बमोजिमको शुल्क तोकिएको बैंकको खातामा जम्मा गर्न सकिने छ ।

**२१) परीक्षामा खटिने कर्मचारीहरुलाई पारिश्रमिक उपलब्ध गराउने :**
(१) परीक्षामा खटिने प्रश्नपत्र निर्माता, प्रश्नपत्र परिमार्जनकर्ता, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, उत्तर पुस्तिका परीक्षक, उत्तर पुस्तिका सम्परीक्षक, अनुगमनकर्ता लगायतका कर्मचारीहरुलाई परीक्षा समन्वय समितिले निर्णय गरेबमोजिमको पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ ।

**२२) कक्षा ९ मा भर्नाका लागि आधार लिनुपर्ने :**
(१) आधारभूत शिक्षा परीक्षामा सहभागी भई ग्रेड सीट वा लब्धांकपत्र र प्रमाणपत्र प्राप्त गरेका विद्यार्थीहरुले कक्षा ९ मा भर्ना हुनका लागि नेपाल सरकार शिक्षा मन्त्रालयबाट निर्धारित मापदण्ड पूरा गरेको हुनु पर्ने छ ।

**२३) ग्रेड बृद्धि परीक्षा सञ्चालन गर्न सक्ने :**
(१) विद्यमान कानुनी व्यवस्थाको प्रतिकुल नहुने गरी परीक्षा समितिले आवश्यकता अनुसार ग्रेड बृद्धि परीक्षाको व्यवस्था गर्न सक्ने छ ।

**२४) विवरण उपलब्ध तथा तथ्याङ्क अद्यावधी गराउनु पर्ने :**
(१) आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक विवरण तथा तथ्यांकहरु सम्बन्धित विद्यालयले शिक्षा शाखामा उपलब्ध गराउनु पर्ने छ ।
(२) आधारभूत शिक्षा परीक्षा सम्बन्धी विभिन्न विवरण, तथ्यांक लगायतका कुराहरुको अभिलेख तयार पार्ने र आवश्यकता अनुसार अद्यावधिक गर्ने दायित्व शिक्षा शाखाको हुने छ ।

**२५) सफ्टवेयर बनाउने :–**

(१) बिद्यार्थीको परक्षिाफलको रिजल्टशिट , ग्रेड शिट , लब्धांकपत्र निर्माणको लागि **सफ्टवेयरको** बिकास गर्न सक्नेछ ।

(२) **सफ्टवेयरको** निर्माण गर्दा जनशक्ति अभाव भएमा आवश्यक ब्यवस्था गाउँपालिकाले गर्नेछ ।

**२७) परीक्षा संचालन सम्बन्धी श्रोत ब्यबस्थापन :–**
(१)आधारभुत तहको परीक्षा संचालनको लागि निम्न स्रोतबाट रकमको ब्यबस्था गरिने छ ।
क. गाउँपालिकाबाट प्राप्त अनुदान
ख. नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान
ग. संस्थागत बिद्यालयबाट परीक्षा शुल्क बापत प्राप्त रकम
घ. अन्य

२८) यस कार्यविधि अनुसार कार्य सम्पादन गर्न कुनै द्धिविधा भएमा वा बाधा उत्पन्न भएमा गाउँपालिकाको कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

२९) यस कार्यविधिमा उल्लेख नभएका बिषयका हकमा शिक्षा ऐन , शिक्षा नियमावली , राष्ट्रिय परीक्षा बोर्डको नियमावलीमा ब्यवस्था भए अनुसार हुनेछ ।

३०) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्राबधान ऐन कानुन संबिधान संग बाझिएमा बाझिएको हद सम्म स्वत: खारेज हुनेछ ।